# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, केलाली

(परीक्षा सञ्चालन शाखा)

---

## परीक्षा कार्यक्रम स्थगित गरिएको सूचना

(सूचना नं. ५/०८२-८३)

आयोगको सूचना नं. १/२०८१-०८२, मिति २०८२/०४/०८ को सूचनाबाट वि.नं. ५१९-५२२/२०८१-०८२, प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, नवौं तह, उपसचिव (प्रा.)/उपनिर्देशक/डिभिजनल वन अधिकृत पदको मिति २०८२/०५/०५ र २०८२/०५/०६ गते लिखित परीक्षा कार्यक्रम सञ्चालन हुने गरी सूचना प्रकाशन गरिएकोमा प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेशबाट प्रकाशित वि.नं. ५१९/०८१-८२ बमोजिमको लिखित परीक्षा सञ्चालन नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०८२-WO-००८१ का सम्बन्धमा मिति २०८२/०४/२२ गते अल्पकालीन अन्तरिम आदेश जारी भएको र आयोगबाट मिति २०८१/११/२० गते प्रकाशित वि.नं. ५१९-५२२/२०८१-०८२, प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, नवौं तह, उपसचिव (प्रा.)/उपनिर्देशक/डिभिजनल वन अधिकृत पदको विज्ञापनको सूचनाको "आ.प्र., अन्तर तह, खुला तथा समावेशी परीक्षाको लागि सूचना" खण्डको बुँदा नं. (घ) मा "आन्तरिक, अन्तर तह, खुला र समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन)।" भनी उल्लेख भएकोले सर्वोच्च अदालतबाट अर्को आदेश नभएसम्म हाललाई वि.नं. ५१९-५२२/२०८१-०८२ बमोजिमको मिति २०८२/०५/०५ र २०८२/०५/०६ गते सञ्चालन हुने प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, नवौं तह, उपसचिव (प्रा.)/उपनिर्देशक/डिभिजनल वन अधिकृत पदको लिखित परीक्षा कार्यक्रम स्थगित भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गर्ने भनी आयोगको मिति २०८२/०५/०२ मा निर्णय भएकोले सोही व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

मिति : २०८२।०५।०२

.............................

(मीना जोशी)

शाखा अधिकृत